म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८ आइतबार, १ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 17 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कांग्रेस बागमती प्रदेशको मुख्यसचेतकमा महर्जन नियुक्त

हेटौंडा, ३१ साउन/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको मुख्यसचेतकमा पुकार महर्जन नियुक्त भएका छन् । मुख्यमन्त्री तथा कांग्रेस संसदीय दलको नेता ईन्द्रबहादुर बानियाँले महर्जनलाई प्रमुखसचेतकमा नियुक्त गरेका हुन् । कांग्रेस संसदीय दलको विधान २०७९ को धारा ११ को उपधारा १० बमोजिम महर्जनलाई प्रमुखसचेतक नियुक्त गरिएको हो । मुख्यसचतेक कञ्चनचन्द्र बादे शुक्रबार सामाजिक विकासमन्त्री बनेपछि उनको ठाउँमा महर्जनलाई नियुक्त गरिएको संसदीय दलका सदस्यसचिव मिनकृष्ण महर्जनले जानकारी दिए । नेता बानियाँले काभ्रेका बादेलाई गत साउन २३ गते मात्रै प्रमुखसचेतकमा नियुक्त गरेका थिए । सत्तारुढ दलका मुख्यसचेतकलाई राज्यमन्त्रीसरह सुविधा हुनेछ । महर्जन काठमाडौं १० '१' बाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । हालका मुख्यसचेतक नियुक्त महर्जन माओवादी केन्द्रका शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा पर्यटन, उद्योग तथा सहकारी मन्त्री भएका थिए ।

# भगवान श्रीकृष्णको सन्देश आज पनि उत्तिकै सान्दर्भिकः मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले भगवान श्रीकृष्ण समाजवादी विचारधाराका रहेको बताएका छन् ।

हेटौंडा उपमहानगर पालिका-६ गौरीटारमा श्रीकृष्णप्रणामी युवा परिषद् नेपाल, श्रीकृष्णप्रणामी मूलमिलावा धामद्वारा आयोजित कृष्णजन्माष्टमी विशेष कार्यक्रममा उनले असत्यको विरुद्धमा आफ्नैसँग पनि लड्नुपर्ने सन्देश कृष्णले दिएको बताए । मुख्यमन्त्री बानियाँले कृष्णको जीवनदर्शनमा समाजवाद र गणतन्त्रको भावना रहेको उल्लेख गर्दै महाभारतकालमा कृष्णले दिएको सन्देश आज पनि उत्तिकै सान्दर्भिक रहेको बताएका छन् । कृष्णले जन्मको आधारमा नभई कर्मको आधारमा मानिस ठूलो हुन्छ भन्ने पाठ सिकाएको उनको भनाई छ ।

कृष्णप्रणामी धर्मलाई सर्वश्रेष्ठ धर्मको रुपमा व्याख्या गर्दै मुख्यमन्त्री बानियाँले यस धर्ममा जात, लिङ्गलगायत कुनै पनि आधारमा विभेद नगरिने भएकाले यो वैज्ञानिक र व्यावहारिक रहेको दाबी गरे । मुख्यमन्त्री बानियाँले बागमती प्रदेश सरकार हुँदा खाने वर्गको पक्षमा रहेको बताए । कसैलाई पनि अन्याय हुन नदिई न्याय प्रदान गर्नु नै धर्म भएको उनको धारणा थियो । आफू मुख्यमन्त्रीको रुपमा रहँदा सदैव सत्य र न्यायको पक्षमा रहने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री बानियाँले संघर्ष गर्दै जाँदा सफलता प्राप्त हुन्छ भन्ने



पाठ भगवान श्रीकृष्णबाट सिक्नुपर्ने बताए । मुख्यमन्त्री बानियाँले सबै संस्कृति र परम्पराको जगेर्ना गर्नु सबैको दायित्व रहेकोमा जोड दिए ।

कार्यक्रममा नेकपा एमाले बागमती प्रदेशका प्रमुखसचेतक एकालाल श्रेष्ठले धार्मिक मठमन्दिरको संरक्षण गर्नु तीनै तहको सरकारको साझा दायित्व भएको बताए । उनले नेपालमा निर्माण हुने धार्मिक पूर्वाधारले स्वदेशीका साथै भारतीय पर्यटकलाई समेत आकर्षित गर्ने खालको हुनुपर्नेमा जोड दिए । धार्मिक पर्यटनको विकासले देशको आर्थिक समृद्धिमा टेवा पुग्ने उनको विश्वास थियो । कार्यक्रमा श्रीकृष्ण अनन्त प्रेम रथयात्रा निकालिएको थियो ।

६ नम्बर वडाको विभिन्न क्षेत्र परिक्रमा गरिएको रथयात्रमा बाजागाजा, धार्मिक झाँकी र विभिन्न सांस्कृतिक प्रस्तुति समावेश गरिएको थियो । श्रीकृष्णप्रणामी मूलमिलावा धामका अध्यक्ष राजु नेपालको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, बागमती प्रदेश प्रहरीप्रमुख अरुण पौडेल, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख विश्वराज खड्का, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, ६ नम्बर वडाअध्यक्ष विष्णुबहादुर दाहाल, १६ नम्बर वडाअध्यक्ष रामकृष्ण कोइरालालगायतको आतिथ्यता रहेको थियो ।

### देशभर भगवान् श्रीकृष्णको पूजाआराधना गरी मनाइयो

'श्रीकृष्ण जन्माष्टमी' पर्व शनिबार देशभर भगवान् श्रीकृष्णको पूजाआराधना गरी मनाइएको छ । प्रत्येक वर्ष भाद्रकृष्णअष्टमीका दिनमा मनाइने 'श्रीकृष्ण जन्माष्टमी' पर्वका अवसरमा देशभरमा कृष्णमन्दिरमा बिहानदेखि भक्तजनको भिड लागेको थियो ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रुपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानवसमुदायलाई प्रेरित गर्नुभएको थियो । कुरुक्षेत्रमा कौरवहरुसँगको लडाइँमा सङ्लग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ । बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाउनुभएका श्रीकृष्णले कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गर्नुभएको पौराणिक ग्रन्थमा उल्लेख छ ।

कृष्णजन्माष्टमी दिवसको अवसरमा मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले शुभकामना सन्देश जारी गरेका छन् । मुख्यमन्त्री बानियाँले भगवान श्रीकृष्णबाट सत्य, प्रेम र सद्भावनाको प्रेरणा लिनुपर्ने बताएका छन् । उनले महाभारतको युद्धको मैदानमा अर्जुनलाई गीतामार्फत सत्य, धर्म, ज्ञान र कर्मयोगको उपदेश गर्ने भगवान श्रीकृष्णको शिक्षाले सबैलाई प्रेरित गर्ने उल्लेख गरेका छन् ।

उनले प्रेम, भक्ति र समर्पणको पर्यायका रुपमा मानिने भगवान श्रीकृष्णको जन्मदिनको अवसरमा सबैमा मंगलमय शुभकामना व्यक्त गरेका छन् । सन्देशमा उनले श्रीकृष्णजन्माष्टमी पर्वले समाजमा सत्य, प्रेम र सद्भावना बढाउँदै धार्मिक सहिष्णुता र एकतामा जोड पुऱ्याओस् भन्ने कामना गरेका छन् ।

# सामाजिक संजालमा भाइरल बन्दै उड्ने कार बोकेको तस्बीर

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालले भदौ ५ गतेदेखि काठमाडौंमा आयोजना गगर्न लागेको अटो शोमा प्रदर्शन गर्ने उड्ने कार बोकेरै नेपाल भित्र्याएको छ । बाढीका कारण तातोपानी नाकाको सडक अवरुद्ध हुँदा उड्ने कार बोकेर ल्याउनु परेको हो ।

उड्ने कारलाई मानिसले काँधमा बोकेको फोटो अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ । करिब एक सय मिटर सडकमा मानिसले कार बोकेका हुन् । नेपालमा यातायातको इतिहास धेरै पुरानो छैन । त्रिभुवन राजपथ निर्माण नहुँदासम्म काठमाडौं उपत्यकाका सर्वसाधारणमा गाडीको पहुँच थिएन । काठमाडौंमा नभएको सडक नेपालका अन्य ठाउँमा हुने कुरै भएन । तराई समथर भूभाग भएकाले सडक निर्माण सहज हुँदा मकवानपुरको भीमफेदीसम्म सामान्य सडक बनाएर गाडी ल्याइन्थ्यो ।

नेपालका धेरै भूभाग घुमेर नेपालबारे परिचयात्मक पुस्तक लेखेका डा. टोनी हेगनका अनुसार राणा प्रधानमन्त्री वीरशमशेरको पालामा गेहेन्द्रशमशेरले काठमाडौंमा पहिलोपटक गाडी भित्र्याएका थिए ।



त्यो गाडी मकवानपुरको भीमफेदीबाट मानिसले बोकेर काठमाडौं लगिएका थियो । सन् १९१२ मा नेपालमा ४० जना नेपालीले गाडी बोकेर ल्याएको डा. हेगनको पुस्तकमा उल्लेख छ । वीरशमशेरका छोरा गेहेन्द्र शमशेरले बेलायतबाट फोर्ड कम्पनीका मोटर झिकाई काठमाडौंमा ल्याएको इतिहास छ । उनले नेपालमा गाडी भित्र्याएर तत्कालीन राजालाई उपहार दिएका थिए । वि.सं. १९९० पछि नेपालमा दमकल ल्याइयो । यो पनि बोकेरै काठमाडौं ल्याइएको हो ।

काठमाडौंलाई तराईसँग जोड्ने त्रिभुवन राजपथ नबन्दासम्म भीमफेदीबाट देउराली-चितलाङ-चन्द्रागिरी भन्ज्याङ हुँदै गाडी काठमाडौं ल्याइएको थियो । सडक यातायातको विस्तार हुन थालेपछि नेपालमा गाडीको संख्या बढ्दै गएको हो । सन् १९५१ मा त्रिभुवन राजपथ तयार भएपछि मात्र काठमाडौं सडक सञ्जालले जोडिएको थियो । त्यतिबेला भारतको रक्सौलबाट बाराको अमलेखगंजसम्म रेल चल्ने गरेको थियो ।

अमलेखगंजबाट मोटर चढेर हेटौंडा हुँदै भीमफेदीसम्म पुग्न सकिन्थ्यो । तराईका केही ठाउँमा सडक पुगेको थियो । सन् १९५६ मा त्रिभुवन राजपथ बनेपछि काठमाडौंमा यातायात चल्न थालेको हो । त्यसअघि काठमाडौंमा करिब १०० गाडी बोकेरै भित्र्याइएको इतिहास पाइन्छ । काठमाडौं उपत्यकामा गाडी चल्न थालेको करिब ७० वर्षपछि उड्ने कार बोकेको तस्बिरले इतिहासलाई ताजा बनाउने काम गरेको छ ।

# हेटौंडा फुटबल एकेडेमीलाई उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ भारतको सिक्कीममा भएको ७९ औं इन्डिपेन्डेन्स डे फुटबल प्रतियोगिताको उपाधि मकवानपुरको हेटौंडा फुटबल एकेडेमीले जितेको छ ।

फाइनल खेलमा आदर्श युथ क्लब सिङ्तामलाई ४-१ गोलअन्तरले हराउँदै साविक विजेता हेटौंडा फुटबल एकेडेमीले छिरिङ लामाको क्याप्टेनसीपमा दोस्रोपटक उपाधिमाथि कब्जा गरेको हो । गतवर्ष ७८ औं इन्डिपेन्डेन्सकोमा सम्पन्न भएको फाइनल खेलमा बरमेक क्लबलाई हराउँदै छिरिङ लामाकै क्याप्टेनसीपमा उपाधि चुम्न सफल भएको थियो । उपाधि जितेसँगै हेटौंडा फुटबल एकेडेमीको टिमले एक लाख रुपैयाँसहित शिल्ड तथा ट्रफी प्राप्त गरेको छ भने उपविजेता एवाइसी सिङ्तामको टिमले ६० हजार रुपैयाँसहित शिल्ड तथा ट्रफी प्राप्त गरेका छन् ।

हेटौंडा फुटबल एकेडेमीको तर्फबाट पहिलो हाफको ७ मिनेटमा गोल गर्दै सुजन भोम्जनले सुरुवाती अग्रता दिलाएका थिए । पहिलो हाफकै २८ मिनेटमा संजिव अर्याललले गोल गर्दै अग्रतालाई बढाएका थिए । एवाइसी सिङ्तामबाट जर्सी नम्बर-११ का खेलाडीले मात्र सान्त्वना गोल प्रहार गरेका थिए । त्यसपछि दोस्रो हाफको १० मिनेटमा गोल गर्दै अञ्जन चौधरीले खेललाई ३-१ गोल अन्तरको स्थितिमा पुऱ्याएका थिए । दोस्रो हाफकै २४ मिनेटमा मिलन स्याङ्तानले अन्तिम




गोल गरेका थिए ।

खेलको म्यान अफ द म्याच घोषित हुँदै हेटौंडा फुटबल एकेडेमीका गोलरक्षक अस्मिर गोङ्बाले ६ हजार रुपैयाँको नगद पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक हेटौंडा फुटबल एकेडेमीकै गोलरक्षक अस्मिर गोङ्बा र सर्वाधिक गोलकर्ता घोषित हुँदै मिलन स्याङ्तानले ट्रफी प्राप्त गरेका छन् । हेटौंडाको तर्फबाट पहिलो गोल गरेका सुजनले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । आइतबार भएको पहिलो सेमीफाइनल खेलमा एवाइसी सिङ्ताम सेभन स्टार क्लबलाई टाइब्रेकरमा हराउँदै फाइनलमा आइपुगेको थियो भने सोमबार भएको सेमीफाइनल खेलमा हेटौंडा फुटबल एकेडेमी मकवानपुर नेपालको टिमले ड्रागन फुटबल क्लबलाई ४-० गोलले हराउँदै फाइनलमा आइपुगेको थियो ।

खेलको निर्धारित समय १-१ गोलको बराबरीमा रोकिएपछि टाइब्रेकरमा पुगेको टिम प्रशिक्षक भीम लामाले बताए । शनिबार भएको क्वाटरफाइनलको खेलमा बर मेक फुटबल क्लबलाई ३-१ गोलले हराउँदै हेटौंडा फुटबल एकेडेमी सेमीफाइनलको स्थानसुरक्षित गरेको र एवाइसी सिङ्तामले २-१ गोलले केएफसी समरडुङ्लाई हराउँदै सेमीफाइनलको स्थान सुरक्षित गरेको टिम म्यानेजर सञ्जय लामाले जानकारी दिएका छन् ।

मुनसोङ सिनचोन युथ क्लबको आयोजनामा भएको प्रतियोगितामा २४ वटा टिमको सहभागिता रहेको थियो । सिक्कीममा हरेक वर्ष 'इन्डिपेन्डेन्स डे' को अवसरमा फुटबल प्रतियोगिता हुने गरेको छ । हेटौंडाको टिम विगद ३ वर्षदेखि इन्डिपेन्डेन्स डे फुटबल प्रतियोगितामा सहभागी हुँदै आइरहेको छ ।

# पहिरोले अवरुद्ध त्रिभुवन राजपथ सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ पहिरोका कारण शनिबार बिहानैबाट अवरुद्ध बनेको त्रिभुवन राजपथको भैंसे-सीमभञ्ज्याङ सडक खण्ड दिउँसोबाट सञ्चालन भएको छ ।

त्रिभुवन राजपथअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-९ लामिडाँडास्थित सडकखण्डमा पहिरोले सडक पूर्णरुपमा अवरुद्ध भएको थियो । सडक शनिबार दिउँसोदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । यस्तै शनिबार बिहान मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-३ स्थित ज्यामिरेमा पहिरो खसेर सिस्नेरी-दक्षिणकाली-फर्पिङ सडक अवरुद्ध बनेको छ । सडक खण्डमा माटो, ढुङगासहितको सुक्खा पहिरो खसेर सवारी आवागमनमा अवरोध भएको र पहिरो पन्छाएर सडक सुचारु गर्ने प्रयास भइरहेको प्रहरीको भनाई छ ।

यसैगरी महालक्ष्मी-चखेल-मातातीर्थ सडक पहिरोका कारण अवरुद्ध भएकोमा पहिरो पन्छाएर सुचारु गरिएको छ । ईन्द्रसरोवर गाउँपालिका-५ स्थित महालक्ष्मी नजिकै पहिरो आएर सडक अवरुद्ध बनेकोमा पहिरो पन्छाएर मकवानपुर र काठमाडौं जोड्ने महालक्ष्मी-चखेल-मातातीर्थ सडक सुचारु गरिएको वडा नं. ५ का वडाध्यक्ष दुतराज तितुङ्ले बताए ।



साझाकुरा

## हाम्रो कुरा

# एमबीबीएस कोटा बृद्धि

चिकित्सा शिक्षा सुधारका अभियान्ता प्रा.डा. गोविन्द केसीले मेडिकल कलेजको सिट र शुल्कवृद्धि नगर्न चेतावनी दिँदै आएका थिए । प्राडा केसीले लगातार चिकित्सा शिक्षा प्रणालीमा पारदर्शिता र पहुँचको पक्षमा आन्दोलन गर्दै आएका छन् । चिकित्सा शिक्षा आयोगले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई यसै शैक्षिक सत्रदेखि एमबीबीएस पढाउनका लागि ५० सिट स्वीकृति प्रदान गरेको छ । यो स्वीकृतिले प्रदेशमा मात्र नभई मुलुकको स्वास्थ्य शिक्षाक्षेत्रमा हेटौंडाको नामलाई फैलाउन मद्दत पुग्ने देखिएको छ । सिंहदरबारमा बसेको आयोगको बैठकले यसअघि तोकिएको सिट संख्यामा वृद्धि गर्ने निर्णय गरेको हो । हालसम्म सय सिट रहेको एमबीबीएसको सिलिङ बढाएर एक सय ३० र ५० सिट रहेको बीडीएसलाई ६० पुऱ्याउने निर्णय भएको छ । प्रतिष्ठानमा यसअघि नै विभिन्न स्नातक तहका कार्यक्रम सञ्चालनमा छन् । बीएस्सी नर्सिङ कार्यक्रमलाई अझ प्रभावकारी बनाउन यसवर्ष २० सिटबाट बढाएर ३० सिट पुऱ्याइएको छ । मेडिकल ल्याव टेक्नोलोजी (बीएस्सीएमएलटी) र पब्लिक हेल्थ कार्यक्रम भने २०/२० सिट कायम रहेका छन् । ब्याचलर अफ फार्मेसी कार्यक्रम ३० सिटकै संरचनामा निरन्तर सञ्चालन हुनेछ ।

स्नातक तहका यी कार्यक्रमसँगै प्रतिष्ठानले स्नातकोत्तर तहमा पनि नयाँ उपलब्धि हासिल गरेको छ । यसै शैक्षिक वर्षदेखि एमडीको सातवटा विषयमा अध्ययन सुरु हुने भएको छ, जसमा कुल ८ सिट स्वीकृति प्रदान गरिएको छ । स्त्री तथा प्रसूति विभागमा २ सिट, फिजिसियन, जनरल सर्जरी, बालरोग, हाडजोर्नी तथा नशारोग, फेमिली फिजिसियन र एनेस्थेसियोलोजीमा एक-एक सिट रहेको छ । चिकित्सा अध्ययनका लागि आफ्नै प्रदेशमा अवसरका साथै देशभरका विद्यार्थीलाई आकर्षित गर्ने सम्भावना बढाएको पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले बताएका छन् । पौडेल मुख्यमन्त्री हुँदा सुरुवात गरेको यो प्रतिष्ठानले उत्पादन गरेको जनशक्तिले स्वास्थ्यसेवा प्रदान गर्न अब धेरै समय लाग्दैन । स्वीकृत सिट संख्या वृद्धि र नयाँ कार्यक्रम थप कदमले प्रतिष्ठान प्रदेशकै स्वास्थ्य शिक्षा र अनुसन्धानको स्थानको रुपमा स्थापित हुनेछ । प्रतिष्ठानले स्वास्थ्य शिक्षा विस्तारसँगै विशेषज्ञ चिकित्सक उत्पादन, गुणस्तरीय उपचारसेवा, आधुनिक अनुसन्धान प्रवर्द्धन गर्दै आएको छ । प्रतिष्ठानअन्तर्गत सञ्चालित हेटौंडा अस्पतालमा छिमेकी प्रदेशबाट उपचारका लागि बिरामी आउने गरेका छन् । हिजोआज उपचारका लागि दैनिक १ हजार ५ सय भन्दा बढीले सेवा लिइरहेका छन् । प्रतिष्ठानबाट बागमती प्रदेशले मात्र होइन, देशभरका नागरिकले दीर्घकालीन लाभ लिन सक्ने छन् । प्रदेशकै गौरवको आयोजना २०७६ मा प्रदेशसभाबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन जारी गरिएको थियो ।

स्थापनाको एकवर्ष पछि प्रतिष्ठानमा २०७७ साउन १५ मा प्रतिष्ठानको उपकुलपति र भदौ १५ गते अन्य पदाधिकारी नियुक्त गरिएको थियो । हाल प्रतिष्ठानको प्रशासनिक कार्यदेखि शैक्षिक कार्यक्रम भाडाको घरमा सञ्चालन हुँदै आएको छ । प्रतिष्ठानले आफ्नो शैक्षिक कार्यक्रम सञ्चालनको लागि हेटौंडा-११ को नलेज भिलेजमा घर भाडामा लिएको छ भने हेटौंडा-६ गौरीटार रंगशालामा रहेको ट्रस्टको भवनलाई मर्मत गरेर प्रयोगमा ल्याएको छ । त्यसैगरी कार्यालय प्रायोजनको लागि हेटौंडा-१० मा रहेको टिसियनको पुरानो भवनलाई प्रयोग गर्दै आएको छ । खोज तथा अनुसन्धानको लागि हेटौंडा-८ स्थित स्थानीय लोकतान्त्रिक पार्कको भवन प्रयोग गरिएको छ । प्रतिष्ठानले नयाँ कार्यक्रम सञ्चालन गर्नको लागि हेटौंडा-४ स्थित ६ तले घर पनि भाडामा लिएको छ । प्रतिष्ठानले ति भवनहरु प्रयोग गरेबापत वार्षिक ६१ लाख भन्दा बढी भाडाबापत खर्च हुने गरेको छ । संघीय सरकारले प्रतिष्ठानको लागि विशेष अनुदानमार्फत् ५० करोड लागतमा हेटौंडा-१० भुटनदेवीचौरमा निर्माण गरेको ६ भवनको निर्माणकार्य अन्तिमचरणमा पुगेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ २ गते सोमबार १८ अगष्ट २०२५ । दशमी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३६, सूर्यास्त ६:३७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# जबज, आन्तरिक लोकतन्त्र र एमालेको शक्ति



✍ पूर्णशोभा चित्रकार

हिन्दु धर्म होस् या बुद्ध । दुवैमा मन्त्र दिने चलन छ । ब्रतबन्ध अथवा नेवार समुदायको न्हिकँ वा देखा दिने बेला पुजारी, पण्डित या गुरुले कानमा मन्त्र फुक्छन् । मन्त्र दिदा अरुले नसुनोस् भनेर कपडाले छोपिन्छ । मन्त्र राम्रोसँग नबुझ्े वा बिर्सेमा जति बुझ्ेको छ, आफ्नो जप, ध्यान र तपस्यामा त्यही कुरा भन्ने गर्छन् । तर मन्त्रको अर्थ बुझ्ेका हुँदैनन् । आजको नेकपा एमालेमा मदन भण्डारीले अगाडि सार्नु भएको जनताको बहुदलीय जनवाद (जबज) पार्टी नेता-कार्यकर्ता माझ त्यही मन्त्रको हालत बनेको छ । जुन कार्यक्रममा जाँदा पनि सिद्धान्त भनेर उच्चारण गरिरहेका हुन्छन् । शब्द उच्चारण गरे बापत आफूलाई मदन भण्डारीको सच्चा भक्त, बिँडो थाम्ने उत्तराधिकारी बनेको अनुभव गर्छन् । तर जबज सिद्धान्त हुँदा त्यसका मूल विषयबस्तु के हुन् ? अहिलेको राजनीतिक-सामाजिक व्यवस्थालाई कसरी मार्गदर्शन गरिरहेको छ ? यिनका बिषयबस्तु व्यवहारमा सही ढंगले उतारिएको छ कि छैन ? मेरा यी प्रश्नहरूको जवाफ पाउन एमालेबाट प्रकाशित केही सामाग्री अध्ययन गरेकी छु । मैले त्यसबारे सबै जानें, बुझें भन्ने दाबी गर्न सक्दिनँ । त्यसको लागि अझै अध्ययन गर्नु जरुरी छ ।

**जबजको पृष्ठभूमि र एमालेको दायित्व**

दोश्रो विश्व युद्धपछि पूँजिवादी शक्तिहरूले अन्तर्विरोधको बाबजुद विभिन्न सुधार मार्फत आफूलाई सुदृढ तुल्याउँदै गए । अमेरिका शक्ति राष्ट्रको रुपमा उदय भयो । सन् ७० को दशकबाट अमेरिकाको नेतृत्वमा नवउदारवादी नीति अगाडि बढ्यो । विश्वका देशहरू कोर र पेरिफेरि भनेर परिभाषित गरिए । अमेरिका लगायत पश्चिमी विकसित पूँजिवादी मुलुकहरू कोर र बाँकी विश्वलाई पेरिफेरि भनियो । पेरिफेरि मुलुकहरूबाट कच्चा सामान र सस्तो श्रमशक्ति आपूर्ति गर्ने र कोर मुलुकले दक्ष जनशक्तिद्वारा उत्पादित बस्तुहरू पेरिफेरि मुलुकहरूको बजारसम्म बिस्तार गर्ने । यो नीति सबै मुलुकलाई स्वीकार्न बाध्य पारियो । त्यसबारे राष्ट्रिय कानून बनाउन र राष्ट्रहरूमा लागू गर्न विश्व बैंक, आईएमएफ जस्ता बहुराष्ट्रिय निगमलाई परिचालित गरियो । उनीहरूले तयार गरेको मापदण्ड अनुसार दिनको १ अमेरिकी डलर भन्दा कम आम्दानी गर्ने व्यक्तिहरु गरिबीको रेखामुनि रहेको मूल्याँकन गरे । त्यही मूल्यांकनको आधारमा पहिलो, दोश्रो र तेश्रो विश्वको रुपमा विश्वका मुलुकहरूलाई विभाजित गरे ।

विश्व अर्थव्यवस्था तथा विश्वव्यापीकरणको यो व्यवस्थाको विरुद्धमा फिलिपिन्स लगायत पूर्वि एशिक्षाका कैयौं मुलुकहरूमा आन्दोलनहरू भए, तर सफल हुन सकेनन् । नेपालले सन् १९८४ मा तत्कालीन अर्थमन्त्री प्रकाश चन्द्र लोहनीले संरचनागत सुधार कार्यक्रम (Structural Adjustment Program) लागू गरे । तत्पश्चात नेपालले नीजिकरण र उदारीकरणको नीति अबलम्वन गऱ्यो । त्यस्तो राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशमा नेपालमा कम्युनिष्ट पार्टीलाई बचाउने, हुर्काउने र अघि बढाउने काम चुनौतीपूर्ण थियो । राजाको नेतृत्वमा रहेको पंचायत व्यवस्थाविरुद्ध ३० वर्षसम्म संघर्ष गरे पश्चात प्राप्त राजनीतिक स्वतन्त्रता, बहुदलीय व्यवस्था, जनताले स्वतन्त्र रुपमा प्रतिनिधि छान्न पाउने प्रणाली लगायत उपलब्धि बचाउनु पनि आवश्यक थियो । ठीक त्यही बेला एमालेले जबज निम्न पृष्ठभूमिमा आएको देखिन्छ ।

सोभियत संघ र चिनियाँ कम्युनिष्ट पार्टीहरूको उदाहरण दिँदै विरोधीहरूले गरेका प्रचार र विश्व कम्युनिष्ट आन्दोलनमा देखा परेका बहुदलीय प्रतिपर्धा नगर्ने, आवधिक निर्वाचन, बहुमतको सरकार र अल्पमत प्रतिपक्षमा नरहने र कम्युनिष्ट पार्टीहरू एकदलीय तथा अधिनायकवादी भनेर लगाउने आरोप र असफलताहरूबाट सिक्दै सिद्धान्तको प्रादुर्भाव गरेको देखिन्छ । खासगरी सोभियत संघको कम्युनिष्ट सिद्धान्तलाई जस्ताको तस्तै लागू गर्न खोज्दा धेरै मुलुकका कम्युनिष्ट पार्टीहरू असफल बन्न पुगे । अरु मुलुकको राजनीतिक, आर्थिक र सामाजिक पृष्ठभूमिमा तयार सिद्धान्त र कार्यक्रम जस्ताको तस्तै आफ्नो मुलकमा लागू नगरिकन देशको विशिष्टताका आधारमा निर्माण हुनु पर्दछ । यसै बिशिष्टताका आधारमा कम्युनिष्टहरू एकदलीय सिद्धान्तको पक्ष पोषक होइन भन्ने प्रमाणित गर्न जबज प्रतिपादन भएको देखिन्छ ।

नेपाल जाती, भाषा, संस्कृतिले विविधता भएको समाज भएको र केबल वर्गीय र राजनीतिक द्वन्द्वमा मात्र सीमित नभई, जातीय, लैंगिक, क्षेत्रीय असमानता र मतभेदको सम्बोधन गर्नु पनि एक चुनौतीपूर्ण जिम्मेवारी थियो । विभिन्न क्षेत्रका यस्ता अन्तर्विरोधहरू समाधानका लागि संविधानले परिभाषित गरी सम्बोधन गर्नु आवश्यक छ । राज्यव्यवस्थामा रहेका विभिन्न राजनीतिक दृष्टिकोणको बीचमा संविधान सम्मत ढंगले प्रतिस्पर्धा हुन दिनु पर्दछ । संबिधानले निषेध गरेका बाहेक अरु सबै वर्गीय एवं राजनीतिक आर्थिक विविधताहरूलाई प्रकट हुन दिने अवसर दिनु पर्दछ र प्रतिस्पर्धा गर्ने मौलिक हकलाई बन्देज गर्नु हुँदैन भन्ने आधारमा पनि सिद्धान्तको प्रतिवादन भएको हो । मदन भण्डारीको अगुवाईमा २०४६ सालको तत्कालीन नेकपा (माले) को चौथो राष्ट्रिय महाधिबेशनले पहिलो पटक सुस्पष्ट रुपमा जनताको जनवादी व्यवस्थामा पनि बहुदलीय प्रतिस्पर्धाको पद्धति अपनाउने बिषयलाई संस्थागत गर्यो । र, २०४७ मा नेकपा (माले) र नेकपा (मार्क्सवादी) एकीकृत भएपछि जबज कायम गर्दै एकदलीयतालाई अस्वीकार गरिएको छ । सोहि सालको पार्टी एकताको प्रस्तावमा बहुदलीय प्रतिस्पर्धामा आधारित जनताको बहुदलीय व्यवस्था स्थापना गर्नु आजको न्यूनतम लक्ष्य हो भनेको छ । जबजले अगाडि सारेका नीतिहरूलाई अध्ययन गर्ने हो भने हामीले निम्न कुरा पाउन सक्दछौं ।

सामन्तवाद र साम्राज्यवादी शक्तिहरूलाई बहुदलीय प्रतिस्पर्धाबाट परास्त गर्ने अन्तर्राष्ट्रिय सर्वहारावादी शक्तिहरूको समन्वय र शक्ति पुरानो अवस्थामा नरहेको र विश्वमा देखिएको नयाँ परिस्थिति अनुसार चल्नु आवश्यक छ । संविधान, नियम र कानूनको आधारमा विदेशी पूँजी र प्रविधिलाई भित्र्याई देशको विकास गर्नु आवश्यक छ । संविधानको सर्वोच्चता, वहुलवादी खुला समाज, वहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक आम निर्वाचन, बहुमतको सरकार र अल्पमतको विपक्ष, कानून अनुसारको शासन, मानव अधिकारको रक्षा, जनवादी व्यवस्थाको सुदृढीकरण, विकास र समाजवादमा संक्रमण गर्ने भौतिक तयारी गर्ने दृष्किोणहरू अपनाएको छ । सिद्धान्तले जोड दिएको छ, यसको सार तत्वलाई संयोजन गरेर भन्ने हो भने जनताको बहुदलीय जनवाद भन्नु बढी सार्थक र उपयोगी छ । सिद्धान्तको यी मूल मर्महरूलाई बिश्लेषण गर्ने हो भने विश्वमा आएको नयाँ परिवर्तनलाई स्वीकार्ने, शान्तिपूर्ण तरिकाद्वारा समाजवादको बाटो अवलम्बन गर्ने र कानूनी राज्य अन्तर्गत रही प्रतिस्पर्धाको आधारमा सरकार संचालन गर्ने वा नेतृत्व गर्ने ।

नेपालका सवैजसो राजनीतिक पार्टीले जबज भनुन् या नभनुन यही सिद्धान्त अनुसार सरकारमा बस्ने र प्रतिपक्षमा बस्ने परम्परालाई अवलम्बन गर्दै आएका छन् । कम्युनिष्ट पार्टीहरूले भने पार्टीभित्रको अनुशासनलाई कडाइका साथ अवलम्बन गर्न लेनिनवादी सिद्धान्त अपनाएका छन् । जसमा अल्पमत बहुमतको मातहतमा, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत र सम्पूर्ण सदस्यहरू केन्द्रिय कमिटी मातहतमा हुनु पर्ने व्यवस्था गरेका छन् । तर जुनबेला लेनिनले यो सिद्धान्तको प्रतिपादन गरे, त्यो भन्दा धेरै फरक विश्व परिस्थिति बनिसकेको छ । विश्वव्यापीकरण र विश्व आर्थिक व्यवस्था, ईन्टरनेट, मोबाईल, एआई जस्ता प्रविधिको विकास र नागरिकहरूमा यसको पहुँच, नागरिकहरूलाई एक देशबाट अर्को देशमा आवत जावत गर्न र बस्न पाउने सुविधा, सामाजिक संजालहरूको विकास आदिले विश्वका जनताहरूको अवस्थालाई निकै धेरै परिवर्तन गरिसकेको छ । आजको समाजमा कोही पनि मानिसहलाई लेनिनवादी सिद्धान्तलाई कण्ठस्त गराएर मात्र अनुशासनमा बाँध्न सक्ने अवस्था रहेको छैन ।

जुर्गेन हबरमास, जो बिसौं शताव्दीको पछिल्लो पुस्ताका चर्चित जर्मन दार्शनिक हुन् । उनले भनेका छन् कि बिसौं शताव्दीको औद्योगिक क्रान्ति पछि विश्वमा प्रविधि र सामाजिक परिवर्तन तीब्र गतिले अगाडि बढिरहेको छ । जसले विश्व आर्थिक व्यवस्थालाई सामान्यीकरण गरिएको छ । यस्तो समाजमा मार्क्सले जस्तै भविष्यबाणी गर्न सम्भव छैन । अहिले विश्व समाजमा स-साना परिवर्तनहरूले पनि ठुलठूला प्रभाव पारि रहेका छन् । राजनीतिक पार्टीहरू र नेताहरूको चेतना तथा व्यवहारहरू पनि हिजोको जस्तो आज छैन । हिजो राजनीतिमा लाग्नु भनेको खतरा मोल्नु हो या त्याग्नु हो भन्ने अर्थ लाग्थ्यो भने आजको राजनीतिमा सुविधा र शक्तिले भरिपूर्ण हुनु भन्ने बुझाई देखा परिरहेको छ । यस्तो अवस्थामा पार्टीभित्रको अनुशासन र लोकतान्त्रिकरण कस्तो हुनुपर्ने हो भन्ने बिषयमा नयाँ सिराबाट खोज्नु, सही निश्कर्ष निकाल्नु र व्यवहारमा लागू गर्नु जरुरी भैसकेकोछ ।

अहिलेको समाज मार्क्सको व्याख्या जस्तो उत्पादनका साधनहरूमा कब्जा गर्ने र श्रम शोषणद्वारा अतिरिक्त मुनाफा आर्जन गरी आफ्नो आर्थिक स्थितिलाई माथि उठाउने पूँतिपति वर्ग र श्रम बेचेर वा अतिरिक्त श्रम बेचेर सबै कुरा गुमाउने सर्वहारा वर्ग हुने जस्तो अवस्था मात्र छैन । विश्व आर्थिक व्यवस्था, उदारीकरणद्वारा हुने (Have) वा नहुने (Have not) मुलुकहरू बीचको आर्थिक असमानता बढे जस्तै नेपालको वर्गीय स्वरुप निर्धारणमा पनि नयाँ कारणहरू देखा परेका छन् । मार्क्स भन्दा पछिका अर्थशास्त्रीहरूको भनाइमा राजनीतिक सत्ताभित्र शक्तिको प्रयोग (जसमा कर्मचारीतन्त्र र राजनीतिक दलहरू पर्दछन्) द्वारा नयाँ सम्भ्रान्त वर्गको उदय भएको छ । अहिले यो परिपरि स्थितिमा एमालेले कस्तो बाटो रोज्ने भन्ने निर्णयले पार्टीभित्र लोकतान्त्रिकरणको प्रकृया अगाडि बढ्छ कि बढ्दैन भन्ने कुराको निर्क्यौल गर्दछ । पार्टीले बहुसंख्यक जनताको विश्वास जित्न सक्छ कि सक्दैन भन्ने तय गर्दछ ।

जबजको सिद्धान्तलाई न्यूनतम लक्ष्य मान्ने र पूँजीवादको विकासद्वारा समाजवादमा रुपान्तरण गर्ने लक्ष्य बोकेको कम्युनिष्ट पार्टीले आर्थिक र राजनीतिक स्वतन्त्रता एकअर्काको पूरक हुन् र व्यवस्थित आर्थिक विकासको निम्ति राजनीतिक प्रतिस्पर्धा गर्ने स्वतन्त्रतामाथि बन्देज लगाउनु हुँदैन भन्ने बुझ्नु आवश्यक छ । केही व्यक्तिहरूको सानो समूहले बनाएको केन्द्रिकृत योजना र नीतिहरू (जसलाई खास व्यक्ति वा समूहको हीतको लागि जुन बेला पनि परिवर्तन गर्न सक्छ) ले पार्टीलाई 'दासता तर्फको यात्रा' मा धकेल्न सक्छ । यसले पार्टीको आन्तरिक लोकतान्त्रिकरणलाई सुदृढ गर्दै पार्टीलाई आमजनताबीच लोकप्रिय बन्दै जानुको साटो पार्टी निरंकुशतातर्फ जाने र आम जनसमुदायबाट अलगथलग बन्ने स्थितिमा पुग्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# वास्तविक शान्ति तपाईंको हृदयभित्रै छ

✍ प्रेम रावत

यहाँ एउटा राम्रो कुराको चर्चा गर्न लागिएको छ । त्यो कुरा तपाईंहरू सबैको हो, हरेक व्यक्तिको हो । कुनै समाजको होइन, किताबको होइन- त्यो कुरा हो, तपाईंको । प्रत्येक व्यक्तिको । कुरा के हो त ? हामी सबैको जीवनमा सुख र दु:ख भइरहन्छ । तिनका कारण भिन्दा-भिन्दै हुन सक्छन्, तर सुख र दु:ख आइरहन्छन् । मान्छेले बच्चाहरूलाई हेरेर भन्दछ, 'यिनीहरू त सधैं खुशी रहन्छन् । यिनीहरूलाई केही दु:ख छैन ।' होइन, उनीहरूको पनि दु:ख छ- गृहकार्य गर्न बिर्से भने शिक्षकले के भन्लान् ? चिन्ता लागिरहन्छ । उनीहरू ठूला हुँदै जान्छन्, तर चिन्ता परिवर्तन हुँदैन, चिन्ताको कारण मात्र बदलिन्छ । किनकि, स्कुलबाट पास भएपछि शिक्षक त हुँदैनन् तर शिक्षकको ठाउँमा मालिक आउँछन् । नोकरी गर्ने स्थानका मालिक हुन्छन् । यदि केही काम तलमाथि भयो भने उनले गाली गर्छन् ।

यस संसारमा जति पनि सुख र दु:ख छन्, ती सबै सुख र दु:खभन्दा पर एउटा अर्कै संसार छ, जसमा बेग्लै किसिमको सुख र दु:ख हुन्छ । त्यो संसार अलग्गै छ । त्यो संसार तपाईंभित्र छ । त्यस संसारमा पनि सुख र दु:ख हुन्छ । के दु:ख छ ? त्यो हृदयको संसारमा त्यो सुखलाई नपाउनु नै सबैभन्दा ठूलो दु:ख हो । जुन आफूभित्रको शान्ति छ, त्यसलाई प्राप्त नगर्नु नै उसका लागि दु:ख हो । हृदयलाई त्योभन्दा दु:ख अर्को हुँदैन । त्यसका लागि ऊ रुन्छ, 'त्यो शान्तिलाई जान ।' जुन बाहिरका चिजहरू छन्, हृदयलाई तीसँग केही लिनुदिनु छैन । तपाईं कुन रङ्गको साडी लगाउनुहुन्छ भन्ने कुरासँग हृदयलाई केही सरोकार हुँदैन । तपाईंका जुत्ताहरू कुन रङ्गका छन्, हृदयलाई त्ससँग केही मतलब छैन । तपाईंको नाम के हो, तपाईंको जुँगा कस्तो छ- यदि एकदिन तपाईंको जुँगा छ र अर्को दिन तपाईंले त्यसलाई काट्नुभयो भने हृदयलाई त्यससँग केही लिनुदिनु छैन । हृदयलाई एउटै कुरासँग सरोकार छ- हृदयमा शान्ति छ या अशान्ति छ । वास्तविक शान्ति । नाममात्रको शान्ति होइन ।

नामको कुरा होइन । 'भगवान-भगवान्' जपेर भगवान् प्राप्त हुँदैनन् । यदि कसैको नाम 'ज्ञानी' छ भने त्यसको अर्थ उसलाई ज्ञान भयो भन्ने त होइन । त्यो त नाम मात्रै हो । यदि कसैको नाम 'धनीराम' छ भने तपाईं के ठान्नुहुन्छ- ऊ केही नगरेरै धनी हुन्छ होला त ? कैयौं भिखारी होलान्, जसको नाम धनीराम होला । आमा-बुबाले 'धनीराम' नाम त राखिदिन्छन् तर ऊ भिखारी नै हुन्छ । जबसम्म अनुभूति हुँदैन, तबसम्म नाम जपेर केही पनि हुँदैन । किनकि, यस संसारका मानिसहरूले के ठान्छन् भने 'शान्ति-शान्ति' भनेर जप्यो, भगवान्लाई हात जोड्यो, बास् ! मेरो कर्तव्य सकियो । होइन हजुर, तपाईंलाई भोक लागेर घर पुग्दा तपाईंकी श्रीमतीले तपाईंलाई 'खाना-खाना, खाना-खाना' भनेर जप्न शुरु गर्नुहोस् अनि एक घण्टामा तपाईंलाई खाना प्राप्त हुनेछ भनेर भनिन् भने के तपाईं यो कुरासँग सहमत हुनुहुनेछ ? होइन, खाना त खाने चिज हो । यदि भोक लागेको छ र खाना खानुभयो भने मात्र त्यसबाट तपाईंको भोक मेटिनेछ ।

तपाईंभित्र जुन अशान्ति छ, त्यो अशान्ति के हो ? त्यो हो- शान्तिको भोक । तपाईंले त्यो साँचो शान्तिलाई आफूभित्रै अनुभूत गर्नुभएपछि मात्र तपाईंको जीवनमा अशान्ति हट्नेछ । यदि तपाईं ठूलो घर बनाएपछि शान्ति हुनेछ भनेर ठान्नुहुन्छ भने यो गलत कुरा हो । घरसँग शान्तिको केही सरोकार छैन । राम्रो जागिरसँग पनि शान्तिको केही सम्बन्ध छैन । राम्रा चिजहरूसँग शान्तिको केही सरोकार छैन ।

यसपछि तपाईंहरू सबैले यो प्रश्न सोध्नुपर्छ- वास्तविक शान्ति के हो ? सारा संसारमा मानिसहरू समक्ष म शान्तिको चर्चा गर्दछु । शान्तिका बारेमा मान्छेहरूका जति गलत धारणा छन्, शायद अन्य कुरामा त्यति गलत धारणा नहोला । मान्छेहरूलाई साँचो शान्ति के हो भन्ने कुराको अवगतै छैन । मान्छे के ठान्दछ भने, यदि लडाइँहरू बन्द भए भने शान्ति हुनेछ । त्यो शान्ति होइन । त्यो त युद्धविराम हो । लडाइँको मैदानमा पनि त्यो वास्तविक शान्तिको अनुभूति हुन सक्छ ।

सृष्टिकर्ताले सबैथोक बनाएका छन् । मानिसलाई बनाए, सुन्दर बनाए । उनले मानिसलाई सबै कुरा दिएका छन् । सबैलाई सबैथोक दिएका छन् तर मानिसले त्यसलाई चिनेको छैन, बुझ्ेको छैन । पहिचान गरेको छैन । शान्ति के हो र कहाँ छ भनेर परिभाषाहरूमा नै लागेका छन् । मान्छेहरू के भन्दछन् भने, शान्ति तब हुनेछ जब सबै मान्छेहरू झगडा गर्न छोड्नेछन् । मानिसहरू लड्न कहिले छोड्छन् ? जसले लड्नु आवश्यकै छैन, ऊ पनि लड्छ । यसको त कुनै सीमा नै रहेन । त्यसैले वास्तविक शान्ति तपाईंको हृदयभित्रै छ, त्यसको अनुभूति गर्नुहोस् । जबसम्म आफूभित्र शान्तिको अनुभूति हुँदैन, तबसम्म तपाईंका सारा कुरा अधुरै रहन्छन् ।

अनुभवको कुरा हुनुपर्दछ । तपाईंको जीवनमा यो प्रश्न कहिल्यै पनि हुनुहुँदैन- शान्ति छ कि छैन ? किनकि तपाईंलाई अवगत हुनुपर्दछ- त्यो शान्ति तपाईंभित्रै छ र तपाईं त्यसको अनुभूति गर्न सक्नुहुन्छ । त्यसको अनुभूति गर्नुपर्दछ । यसमा केही टिप्पणी आवश्यक छैन । कुनै परिभाषाको आवश्यकता नै हुँदैन । कुनै किताबको आवश्यकता नै पर्दैन । कुनै पनि चिजको आवश्यकतै हुनुहुँदैन । तपाईंभित्र शान्तिको अनुभूति हुनुपर्दछ । जबसम्म त्यसको अनुभूति हुँदैन तबसम्म तपाईं लागिरहनुहुनेछ, परिश्रम गरिरहनुहुनेछ ।

म त साङ्लो चुँडाउने कुरा गर्दछु, किनकि तपाईं कैदी हुनुहुँदैन । तपाईं स्वतन्त्र हुनुपर्छ । भित्रैबाट स्वतन्त्र हुनुपर्छ । मान्छेलाई अज्ञानताको साङ्लोले बाँधेको छ । मान्छे अज्ञानताको साङ्लोमा बेरिएको छ । मान्छेले आफूलाई स्वतन्त्र छु भन्ने ठान्छ । यथार्थमा स्वतन्त्र त त्यो मान्छे हो जसले आफूभित्रको शान्तिलाई बुझ्यो, पहिचान गऱ्यो । ऊ हुन्छ स्वतन्त्र ! उसका लागि कुनै साङ्लो छैन । उसका लागि अज्ञानता छैन । अज्ञानताले उसको केही बिगार्दैन । किनकि, उसलाई त्यस चिजको अनुभूति भएको छ । स्वयम् आफ्नो ज्ञान भएको छ, जुन उसको हृदयमा अवस्थित छ । एक दिनका लागि होइन, दुई दिनका लागि होइन, तीन दिनका लागि होइन- जीवनभरिका लागि ।


तपाईंलाई म सबैभन्दा ठूलो खुशीको खबर सुनाउँछु । भर्खरै तपाईंभित्र श्वास आयो, योभन्दा ठूलो खुशीको खबर छैन । यो श्वास आयो- जसै आयो, तपाईं जीवित हुनुहुन्छ । यो जानेछ र फेरि आउनेछ । के तपाईंले यसलाई बुझ्नुभयो ? यो के हो ? के बसेको छ यसमा ? यो श्वासभित्र कुनै प्रश्न छैन, केही द्विविधा छैन । यसमा वास्तविक शान्ति रहेको छ । यो जुन श्वास आइरहेको छ, यसमा सृष्टिकर्ताले श्वासरूपी कोक्रोलाई हल्लाइरहेका छन् । यो हो मस्ती ! यो हो साँचो मस्ती ! यसमा मस्त हुनुहोस् । यस्तो आनन्द तपाईंले अन्त कतै पाउनुहुन्न । कस्तो आनन्द ! दु:खमा, सुखमा, तपाईं जहाँ जानुहुन्छ, यसबाट तपाईं अलग्गिन सक्नुहुन्न । जुन दिन तपाईं यसबाट बञ्चित हुनुहुनेछ, त्यस दिन सबै गयो । सबै गयो । विचार गर्नुहोस् त- यो हो भगवान्को कृपा । र, यो कृपा तपाईंमाथि भयो, भर्खरै भयो । के तपाईंलाई थाहा छ, यो कहिलेदेखि चलिरहेको छ ? हरेकचोटि यो श्वास चल्दा सृष्टिकर्ताले तपाईंलाई आशीर्वाद दिन्छन् । आफ्नो कृपा तपाईंमाथि गर्छन् ! यसलाई बुझ्नुहोस् । यदि तपाईं बुझ्नुहुन्न भने म बुझाउन सक्छु ।

म के भन्न चाहँदिन भने, यदि तपाईंले शान्तिको अनुभूति गर्नु छ भने तपाईंले संन्यास लिनुपर्छ, यदि तपाईंलाई यो चिज चाहिन्छ भने तपाईंले आफ्नो परिवार छोड्नुपर्छ । अहँ, होइन । जस्तो तपाईं हुनुहुन्छ, त्यस्तै रहनुहोस् । फुल्नुहोस्, फल्नुहोस् र अझै प्रगति गर्नुहोस् । म त के भन्न चाहन्छु भने, जे तपाईं गर्न सक्नुहुन्छ, त्यो गर्नुहोस् तर भित्र पनि फुल्नुहोस्, फल्नुहोस् । तपाईं आफ्नो जिन्दगीमा के चाहनुहुन्छ त्यो तपाईंमाथि निर्भर छ । तपाईंलाई उनले शक्ति दिएका छन् । तपाईं जे चाहनुहुन्छ, गर्न सक्नुहुन्छ । तपाईं एउटा काम गर्न सक्नुहुन्छ- तपाईं आफ्नो जीवनमा शान्तिको स्थापना पनि गर्न सक्नुहुन्छ ।

मान्छे नास्तिकबाट आस्तिक बन्न सक्छ । भगवान्मा विश्वास गर्न सक्छ । भगवान्मा विश्वास गर्ने मानिस नास्तिक पनि बन्न सक्छ । भगवान्मा विश्वास नगर्ने मानिस भगवान्मा विश्वास गर्ने व्यक्ति बन्न सक्छ । यी सबैथोक सम्भव छन् । यदि यो सबैथोक सम्भव छ भने तपाईंभित्र अवस्थित जुन शान्ति छ, त्यसलाई अनुभव गर्न पनि सम्भव छ । त्यसलाई बुझ्नुहोस् ! सोच्नुहोस्, विचार गर्नुहोस् ! यो तपाईंको जीवन हो । त्यसमा त्यो शान्तिको अनुभव गर्नका लागि जे-जे गर्न आवश्यक छ, त्यो गर्नुहोस् । कोही शारीरिक रूपले निकै सक्षम र बलिया हुन्छन् । यद्यपि यो सधैं रहिरहँदैन । उमेर ढल्कँदै गएपछि सबैथोक अहिले भएजस्तै त्यतिखेर हुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'बाँध सुरक्षा' का कारण उठ्न थाले जलस्रोत विधेयकमाथि आशंका र प्रश्न




काठमाडौं/संसद्मा विचाराधीन जलस्रोत विधेयकमा उल्लेख बाँधको सुरक्षा सम्बन्धी प्रावधानलाई लिएर सरकारी तथा सार्वजनिक क्षेत्रमा बहस देखिएको छ । प्रतिनिधिसभाले पारित गरी राष्ट्रिय सभामा पठाएको तथा राष्ट्रियसभाले पनि सुझाव सहित पारित गरेको विधेयकमा परेका 'बाँध सुरक्षा (ड्याम सेक्युरिटी)' एवं बाँध संरक्षण (ड्याम सेफ्टी)' सम्बन्धी प्रावधानलाई लिएर नागरिक समाजका केही अगुवाले आशंका उठाएका हुन् ।

सरकारले प्रतिनिधि सभामा दर्ता गरेको विधेयकको मस्यौदामा बाँध सुरक्षाबारे खास उल्लेख थिएन । तर, प्रतिनिधि सभाको पूर्वाधार विकास समितिले उक्त विधेयकमा दफा ३० थप गर्दै 'बाँधको निर्माण र सञ्चालनका लागि त्यस्तो बाँधको सुरक्षा सुनिश्चित गर्ने प्राथमिक दायित्व र जिम्मेवारी बाँध सञ्चालकको हुनेछ,' भन्ने प्रावधान राखेको थियो ।

विकास समितिले पारित गरेको यस किसिमको प्रतिवेदन सहित प्रतिनिधिसभाले विधेयक पारित गरी राष्ट्रिय सभा पठाएको थियो । तर, खासगरी जलस्रोत क्षेत्रमा काम गरिसकेका सूर्यनाथ उपाध्याय लगायत केही पूर्वप्रशासक तथा विश्लेषकले यो प्रावधानबाट विदेशी सेना नेपालको बाँध सुरक्षाका नाममा आउन सक्ने भन्ने व्याख्या गरे । नेपालमा विदेशी लगानीका परियोजनाले पनि बाँध बनाउने, त्यसरी बनेका बाँधको सुरक्षाको जिम्मा सञ्चालकलाई नै दिँदा जुन देशको लगानीकर्ता हो, उसकै देशबाट सुरक्षाकर्मी ल्याउन सक्ने भन्दै उनीहरूले त्यसको विरोध गरेका थिए ।

उनीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत भेटेर जलस्रोत विधेयकमा गम्भीर राष्ट्रघाती व्यवस्था समावेश भएको ब्रिफिङ गरेका थिए । त्यसपछि २ असारमा बसेको मन्त्रिपरिषद् बैठकले प्रतिनिधिसभाले पारित गरिसकेको जलस्रोत विधेयक फिर्ता लिने निर्णय गरेको सार्वजनिक भएको थियो । सरकारका मन्त्रीहरूले समेत विधेयक फिर्ता लिने गरी निर्णय भएको जानकारी गराएका थिए ।

मन्त्रिपरिषद्ले त्यस्तो निर्णय गर्नुका पछाडि त्यही बाँधको सुरक्षा सम्बन्धी प्रावधान थियो । तर, त्यसलगत्तै बसेको कांग्रेस तथा एमालेबीचको दुई दलीय कार्यदलमा मन्त्रिपरिषद्ले गरेको उक्त निर्णय बारे छलफल भयो । 'खासगरी विकास समितिमा प्राविधिक रूपमा बाँध संरक्षण (सेफ्टी) को विषयमा बाँध सञ्चालक नै जिम्मेवार हुने भन्ने मनसाय साथ उक्त व्यवस्था राखिएको रहेछ ।

तर, संरक्षणका ठाउँमा सुरक्षा शब्द परेको देखियो । यो विषय राष्ट्रिय सभाबाट संशोधन गराऔं । तर, विधेयक फिर्ता लिनु हुँदैन' भन्ने निष्कर्ष साथ जलस्रोत विधेयक फिर्ता नलिने सहमति कार्यदलले गरेको थियो । त्यसपछि विधेयक राष्ट्रिय सभाको नियमित प्रक्रियामा प्रवेश गरेको थियो । दुई दलीय कार्यदलमा भएको सहमति अनुरूप विधेयकमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले विधेयकमा रहेको 'बाँधको सुरक्षा' र 'बाँधको संरक्षण' सम्बन्धी विषयलाई फरक-फरक रूपमा परिभाषित गरेको छ । यो संशोधन सहित विधायन समितिले संशोधन प्रतिवेदन २१ साउनमा पारित गरेको थियो ।

समितिले बाँध सुरक्षाको जिम्मा सरकारको हुने र संरक्षण भने सञ्चालक स्वयंले नै गर्नुपर्ने व्यवस्था गरेको छ । 'बाँधको सुरक्षा (ड्याम सेक्युरिटी) भन्नाले दफा ३१ बमोजिम बाँध संरचनामा क्षति पुर्‍याउने उद्देश्यले हुन सक्ने कुनै हस्तक्षेप वा कार्यबाट जोगाउनका लागि गरिने सुरक्षा सम्झनु पर्छ,' भनी परिभाषित गरिएको छ । त्यस्तै 'बाँधको संरक्षण (ड्याम सेफ्टी)' भन्नाले दफा ३२ बमोजिम बाँध सञ्चालकले प्राकृतिक तथा प्राविधिक रूपमा बाँधको जगेर्ना, रेखदेख, मर्मतसम्भार तथा संरक्षण गर्ने कार्य सम्झनु पर्छ,' भनिएको छ ।

साथै, विधेयकको दफा ३१ को उपदफा १ मा बाँधको सुरक्षा (ड्याम सेक्युरिटी) नेपाल सरकारले गर्ने छ भन्ने व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा (२) बाँध सञ्चालक आफैंले निर्माण तथा सञ्चालन गरेको बाँधको सेक्युरिटीका लागि नेपाल सरकार लाई अनुरोध गर्न सक्ने छ भन्ने व्यवस्था पनि गरिएको छ । उपदफा (२) बमोजिम अनुरोध भई नेपाल सरकारले सुरक्षा प्रबन्ध गरेकोमा त्यस्तो प्रबन्ध गर्दा लाग्ने सम्पूर्ण खर्च बाँध सञ्चालकले बेहोर्नु पर्ने तथा ड्याम सेक्युरिटीका लागि नेपाल सरकारले आवश्यक मापदण्ड बनाउने भन्ने पनि उल्लेख छ ।

ऐनको दफा ३२ मा बाँधको संरक्षण (ड्याम सेफ्टी) गर्ने दायित्व बाँध सञ्चालकको हुनेछ भन्ने व्यवस्था गरिएको छ । साथै, बाँध संरक्षणका लागि सञ्चालकले विभिन्न दायित्व तथा जिम्मेवारी पूरा गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । जल तथा ऊर्जा आयोगका पूर्वसचिव तथा विधेयक मस्यौदाकार मध्ये एक मधु भेटवाल प्रतिनिधिसभाबाट पारित विधेयकमै बाँधको सुरक्षा भनेर संरक्षणकै विषयलाई उल्लेख गरिए पनि त्यसलाई फरक ढंगले बुझिएको बताए । राष्ट्रिय सभाबाट बाँध सुरक्षा र संरक्षण बारे स्पष्ट ढंगले परिभाषित गरिएको पनि उनले बताए ।

हालै काठमाडौंमा आयोजित एक कार्यक्रममा पूर्वमहालेखा परीक्षक भानुप्रसाद आचार्यले बाँध सुरक्षाको जिम्मेवारी सञ्चालक स्वयंलाई दिँदा छिमेकी देशहरूले आफ्नो देशका सुरक्षाकर्मी ल्याएर आफैं सुरक्षा गर्छौं भने के गर्ने भन्ने प्रश्न उठेको बताए । 'राष्ट्रिय सभाबाट पारित विधेयकमा पनि सञ्चालकले अनुरोध गरे मात्रै सरकारले सुरक्षा दिने भनिएको छ, त्यसअघि चाहिँ के गर्ने ?' उनले भने । पूर्वसचिव भेटवाल भने बाँध निर्माणकर्तालाई दीर्घकालसम्म यसको गुणस्तर र सुरक्षामा जिम्मेवार बनाउन कानुनी प्रबन्ध गर्न लागिएकोमा त्यसलाई अनावश्यक रूपमा राष्ट्रवादसँग लगेर जोडिएको बताउँछन् ।

'खासगरी बाँध निर्माण सरकारले मात्रै होइन, विभिन्न निजी कम्पनीले पनि गर्छन् । त्यसरी कम्पनीहरूले बाँध निर्माण गर्दा आवश्यक मापदण्ड पालना गर्नुपर्छ र त्यसमा हानि नोक्सानी भई बाँध तथा सार्वजनिक-निजी सम्पत्ति लगायतमा क्षति पुगे सञ्चालक नै जिम्मेवार हुनुपर्छ भन्ने आशयसाथ यो व्यवस्था गरिएको हो,' उनले भने । अर्कातिर, निजी ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) अध्यक्ष गणेश कार्की भने राष्ट्रिय सभाबाट पारित विधेयकमा उल्लेखित व्यवस्थाले लामो समयदेखिको आफूहरूको माग पूरा भएको बताउँछन् ।

'निजी क्षेत्रले बनाउने बाँध सुरक्षाका दृष्टिले संवेदनशील हुन्छन् । बाँधको सुरक्षा सरकारले गरिदिनुपर्‍यो, बरु त्यसमा लाग्ने खर्च जलविद्युत् उत्पादनकर्ताहरू नै बेहोर्न तयार छौं भनेर हामीले पटक-पटक अनुरोध गरे पनि सरकारले सुनेको थिएन,' कार्कीले भने, 'अब भने कानुनमा नै बाँधको सुरक्षा सरकारले गर्ने भन्ने कुरा आउने भएछ, यसले हाम्रो लामो समयको माग पूरा भयो ।' 'पश्चिम सेती, अरुण तेस्रो लगायत परियोजनाले आफ्नो बाँधको सुरक्षा गर्न हामीले नै सुरक्षाकर्मी ल्याउँछौं भने भने के गर्ने भनेर कसैकसैले प्रश्न गरेको मैले पनि सुनेको छु । तर, अब त्यो मुद्दा समाधान भयो भन्ने लाग्छ,' उनले भने । ड्याम सेफ्टी सम्बन्धी मापदण्ड पालना गर्ने, यन्त्र उपकरण जडान गर्ने लगायत बाँध संरक्षण सम्बन्धी विषयको जिम्मा बाँध सञ्चालकले नै लिइरहेको र त्यो लिन समस्या नभएको उनले बताए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका पूर्वसचिव देवेन्द्र कार्की पनि स्वदेश तथा विदेशका अनेक लगानीकर्ताले खासगरी जलविद्युत् बाँध निर्माण गरिरहेको अवस्थामा त्यस्तो बाँधको सुरक्षा वा संरक्षण (सेफ्टी) को जिम्मा सरकारले लिन नसक्ने बताउँछन् । 'सरकारले सेफ्टी सम्बन्धी मापदण्ड बनाउने हो, त्यसको पालना विकासकर्ताले गर्नुपर्छ । र, त्यस अनुसार सेफ्टीको जिम्मा पनि विकासकर्ताले नै लिनुपर्छ,' पूर्वसचिव कार्कीले भने ।

राष्ट्रिय सभाले बाँधको सेफ्टी र सेक्युरिटी सम्बन्धी विषय परिभाषित नै गरिसकेको अवस्थामा यसमा किचलो गरिरहनु आवश्यक नरहेको उनले बताए । 'कुनै पनि बहानामा विदेशका सुरक्षाकर्मी यहाँ आउने कुरा स्वीकार गर्न सकिँदैन । साथै, कुनै पनि सरकारले त्यसरी विदेशका सुरक्षाकर्मीलाई देशमा आउन सक्ने वातावरण दिने गरी कानुन निर्माण गर्न सक्छ जस्तो पनि लाग्दैन,' उनले भने, 'त्यतिमात्र होइन, त्यसरी सुरक्षाकर्मी आउन सम्भव पनि छैन ।'

बाँधको सेफ्टी सम्बन्धी प्राविधिक विषयमा विकासकर्तालाई नै जिम्मेवार बनाउनुपर्ने उनको भनाइ छ । 'हामी जलविद्युत् क्षेत्रमा विदेशको लगानी ल्याउनुपर्छ भनिरहेका छौं, त्यो भनेको भारत र चीनको मात्रै होइन, संसारभरिबाटै लगानी आउन सक्छ,' उनले भने, 'कि लगानी नै नल्याउने भन्नुपर्‍यो । होइन भने यस्ता नचाहिँदा विषयमा बखेडा झिक्नुभएन ।'

*(स्रोत: अनलाइनखबर)*

# समीरलाई 'एक्सन किङ'को ट्याग दिँदै 'बलिदान'को टिजर रिलिज




काठमाडौं/यसपालिको दशैंको फूलपाती अर्थात् १३ असोजबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बलिदान'को टिजर सार्वजनिक गरिएको छ । शनिबार श्रीकृष्ण जन्माष्टमीको दिन पारेर सार्वजनिक झन्डै २ मिनेट लामो टिजरले क्रोध, बदला, न्याय र देशभक्ति भावनाको कथा बताउँछ । अन्यायविरुद्ध लड्ने साहसिक पात्र (समीर भट्ट)को वरिपरि टिजर केन्द्रित छ ।

सन्तोष सेनको निर्देशनमा बनेको फिल्मको टिजरको सुरुवातमा अभिनेता विराज भट्टको 'भ्वाइस ओभर'मा देशको एक हिस्सा बैरीहरूको निशानामा परेको र उनीहरूलाई रोक्न असम्भव भएको उद्घोष सुनिन्छ । यसैको पृष्ठभूमिमा सौगात मल्ल मसाल बोकेर दृढ अडानका साथ उभिएका देखिन्छन् । अर्पण थापा भने राजनीतिज्ञको भूमिकामा रहेको टिजरले प्रष्ट पार्छ ।

टिजरमा हेमन्त बुढाथोकीको पनि 'भ्वाइस ओभर' सुनिन्छ, जहाँ उनले कालीमाताको चरणमा रगत चढाउँदै धेरै समय बिताएकाले अब बलिदानको अभिनय पूरा भएको उद्घोष गर्दै आफू जन्मिएकै राजा बन्नलाई रहेको बताएका छन् । राजसी पहिरनमा देखिएका हेमन्तको संवादले उनी सत्ताका लागि भोको रहेको बुझाउँछ ।

अभिनेत्री ऋचा शर्माको संवाद भने टिजरको भावनात्मक केन्द्रबिन्दु बनेको छ । एक दृश्यमा उनले कालीमाताको मूर्ति अगाडि उभिएर भावुक मुद्रामा भनेकी छन्, 'के यो धर्तीमा अब त्यस्तो युग पुरुषको जन्म हुन्न, जसले ती राक्षसहरूको घाँटी रेटोस् ?' उनको यो संवादसँगै समीर भट्टको प्रवेश हुन्छ । त्यसपछि उनका सशक्त एक्सन दृश्यहरू समेटिएको छ । टिजरमा उनलाई 'एक्सन किङ'को ट्याग समेत दिइएको छ ।

निर्देशक सेनलाई पनि टिजरमा देख्न सकिन्छ । उनी आदिवासी पात्रको भूमिकामा छन् । फिल्मका अर्का कलाकार प्रेम पुरी प्रहरीको भूमिकामा देखिएका छन् । कोरियोग्राफरको रुपमा परिचित सुनिल क्षेत्रीलाई पनि आदिवासी पात्रको रुपमा टिजरमा प्रस्तुत गरिएको छ । टिजरका दृश्यहरुले दर्शकमा फिल्मप्रति अपेक्षा र उत्साह बढाउन सक्ने देखिन्छ ।

टिजर सार्वजनिक गर्दै निर्देशक सेनले 'बलिदान' केवल फिल्म नभइ हरेक नेपालीको मनको विद्रोहको प्रतीक रहेको बताए । उनले भने, 'तीन वर्षको रगत पसिना, माटोको सुगन्ध र किनारिएका आवाजको पीडाबाट जन्मिएको 'बलिदान' अब केवल फिल्म होइन, यो न्यायको विस्फोट हो ।'

आसुसेन फिल्म्सको ब्यानरमा बनेको फिल्मका निर्माता पवन ब्राडफोर्ड बिस्ट र कार्यकारी निर्माता प्रेम पुरी हुन् । फिल्ममा दर्शन जीको लेखन, महेश पौडेलको छायांकन, सुजन चापागाईंको संगीत निर्देशन तथा स्टन्डर साम र श्री श्रेष्ठको द्वन्द्व निर्देशन सम्पादन रहेको छ ।

'बलिदान'को दर्शकमाझ उच्च हाइप बनेकाले फिल्मले बक्स अफिसमा विस्फोटक व्यापार गर्ने प्रक्षेपण गरिएको छ ।

# छायांकनकै चरणमा अष्ट्रेलियामा बिक्यो 'पाँडे'को फिल्म




काठमाडौं/'पाँडे'को रुपमा दर्शकमाझ चिनिएका कलाकार अर्जुन घिमिरेको पहिलो निर्देशकीय फिल्म 'झरी पछिको इन्द्रेणी'को छायांकन पूरा नहुँदै विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ । यतिबेला काठमाडौं आसपासमा छायांकन भइरहेको फिल्मको शुक्रबार निर्माण पक्षले अष्ट्रेलिया प्रदर्शन अधिकार बिक्री गरेको छ । राम कार्कीले फिल्मको राइट्स खरिद गरेका हुन् ।

अष्ट्रेलियामा सफल उद्यमीको रुपमा स्थापित कार्की शिक्षा र माइग्रेशन सेवामा सक्रिय छन् । उनले अष्ट्रेलियामा मोर्टगेज ब्रोकर फर्म, एकाउन्टिङ फर्म तथा विभिन्न हस्पिटालिटी व्यवसायहरू समेत सञ्चालन गर्दै आएका छन् । अब फिल्म वितरणमा होमिएका उनले 'झरी पछिको इन्द्रेणी'को टिमप्रति विश्वास भएर छायांकन नसकिँदै प्रदर्शन अधिकार खरिद गरेको बताएका छन् ।

कार्कीका अनुसार नेपालमा प्रदर्शन हुने मितिमै फिल्मलाई अष्ट्रेलियाका प्रमुख सहरहरूमा रिलिज गरिनेछ । 'यो फिल्म अष्ट्रेलियामा बसोबास गर्ने नेपाली समुदायका लागि मनोरञ्जनात्मक र सन्देशमूलक बन्नेछ भन्ने विश्वास छ,' उनले भने ।

बाबु-छोराको कथामा आधारित यो फिल्ममा निर्देशक घिमिरेसहित गणेश उप्रेती, दीपाश्री निरौला, रमेश उप्रेती, निर्मल शर्मा, प्रियाना आचार्य (मुन्नी) लगायतको अभिनय रहेको छ । गणेशले यही फिल्मबाट ९ वर्षपछि पुनरागमन गरेका हुन् । फिल्मको एक गीतमा काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहको र्‍याप रहने जनाइएको छ ।

# 'कहाँ गयौ तिमी'बाट फिल्म निर्देशनमा डेब्यु गर्दै फिरोज

काठमाडौं/तुलसी घिमिरे निर्देशित फिल्म 'दर्पण छायाँ २'बाट अभिनय करिअर सुरु गरेका अभिनेता फिरोज तिमल्सेना अब निर्देशक बन्ने भएका छन् । उनले फिल्म 'कहाँ गयौ तिमी'बाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । शनिबार श्रीकृष्ण जन्माष्टमीको दिन पारेर थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो ।

पोस्टरमा बादलले ढाकेको पहाडी भूगोल र एकलासमा रहेको एउटा झुप्रो घर देखिन्छ । यसले ग्रामीण परिवेशको कथामा फिल्म बन्न लागेको बुझाउँछ । टाइटलमा रहेको कालो र रातो रंगले भने शंकाबीचको प्रेम, आशा, विछोड र मिलनको कथा फिल्मले भन्ने संकेत गर्छ । यद्यपि, निर्माण पक्षले कथावस्तुबारे जानकारी गराएको छैन ।

सहारा फिल्मको ब्यानरमा बन्ने फिल्ममा जीवन आचार्यको लेखन छ भने प्रकाश नेपालीको संगीत रहनेछ । निर्माण पक्षले फिल्ममा अभिनय गर्ने कलाकारको नाम भने खुलाएको छैन । यद्यपि, फिल्मीखबरलाई प्राप्त जानकारी अनुसार यो फिल्ममा अभिनेता पुष्प खड्काको अभिनय रहने निश्चित भइसकेको छ । पुष्प र फिरोज संघर्षकालदेखिका साथी समेत हुन् ।

'कहाँ गयौ तिमी'को घोषणा गर्दै फिरोजले फिल्म निर्देशनमार्फत नयाँ यात्राको सुरुवात गर्दा खुशी र जिम्मेवारी दुवै महसुस भएको सामाजिक सञ्जालमा उल्लेख गरेका छन् । टेलिभिजन होस्ट हुँदै रियालिटी शो 'नेपाल आइडल'को पहिलो सिजनमा निर्माता तथा एपिसोड डिरेक्टरको रुपमा समेत काम गरेका उनी गायक पनि हुन् । केही वर्षयता उनी अमेरिकामा बस्दै आएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कर्जा नोक्सानी घटाएर बैंकहरूले बढाएको नाफा कति दिगो ?




काठमाडौं/चालु आर्थिक वर्षको मौद्रिक नीतिको सकारात्मक प्रभाव बैंकहरूको गत आवको नाफामा देखिएको छ । नेपाल राष्ट्र बैंकले लिएको कर्जा नोक्सानी व्यवस्थामा अपनाइएको लचकताले बैंकहरूको नाफा उच्च दरमा बढेको हो । गत आव २०८१/८२ मा बैंकहरूको नाफा ४३ प्रतिशतले बढेको छ । सोही अवधिमा कर्जा नोक्सानी व्यवस्था बापत रकम करिब २९ अर्बले घटेपछि खुद नाफा बढेको छ । बैंकहरूको आम्दानीको मुख्य स्रोत भनिएको ब्याज आम्दानी समेत १ प्रतिशतले घटेको अवस्थामा समेत नाफामा उच्च सुधार देखिएको हो ।

केन्द्रीय बैंकले वित्तीय क्षेत्रको दबाबलाई सहजीकरण गर्न विगतका तुलनामा छिटो मौद्रिक नीति ल्यायो । साथै, त्रैमास समाप्त भएको १५ दिनमा सार्वजनिक गर्नुपर्ने विवरणलाई केन्द्रीय बैंकले एक महिनाको समय दिँदा पनि बैंकहरूको असुलीमा सुधार देखिएको हो । विगत वर्षका तुलनामा बैंकहरूको असुलीमा आएको सुधार तथा लचिलो राष्ट्र बैंकको नीतिले गर्दा बढेको नाफा दीर्घकालीन हुनेमा बैंकहरू नै विश्वस्त देखिँदैनन् । गत आव विगतको तुलनामा बैंकहरूको कर्जा नोक्सानी व्यवस्था बापत रकम उच्च दरमा घटेकाले नाफा बढेको हुनाले आगामी दिन निरन्तरता पाउने सम्भावना न्यून रहेको एक बैंकरले बताए ।

विगतका वर्ष गोलमाल रहेको बैंकहरूको अवस्था गत आव केही सुएिको पूर्वबैंकर भुवनकुमार दाहालले बताए । 'समग्रमा हेर्दा बैंकहरूको नन-इन्ट्रेस्ट आम्दानी अर्थात् फि कमिसन आम्दानी तथा ट्रेडिङ आम्दानीमा पनि सुधार आएको हुनाले नाफा बढ्न मद्दत पुगेको हो,' दहालले भने, 'अदर अपरेटिङ इन्कम पनि बढेकाले आम्दानी बढेको हो ।'

गत आव बैंकहरूले व्यवसाय केही विस्तार गरेको हुनाले पनि विवरण सकारात्मक देखिएको उनको भनाइ छ । गत आव बैंकको कर्जा विस्तार नै हेर्दा पनि करिब ४ खर्बले बढेको उनको भनाइ छ । 'ओभरअल बिजनेस बढेको छ,' दाहालले भने, 'गत वर्ष जुन लोन लस प्रोभिजन थियो, अहिले पनि लोन लस प्रोभिजन फेरि राइट ब्याक त भएको छैन, अघिल्लो वर्षको तुलनामा घटेको हो ।'

गत आव पनि बैंकहरूको खराब कर्जा बढेको बताउँदै दाहालले केही बैंकको एनपीएल घटेको छ, धेरै बैंकको एनपीएल बढेको स्पष्ट पारे । त्यसले गर्दा अघिल्लो वर्षभन्दा सुधार भए पनि आगामी दिनमा पनि यस्तो कायम रहन्छ भन्ने आशा भने गर्न सकिने उनको बुझाइ छ । 'तर, अहिले नै त्यस्तो एकदमै राम्रो, फ्यान्टास्टिक भनेर भन्नु अलि हतार हुन्छ,' दाहालले भने । आगामी वर्ष बैंकहरूको निष्क्रिय कर्जा बढेन भने सेयरधनीलाई बैंकहरूले खुसी बनाउने सम्भावना रहेको दाहालको भनाइ छ ।

केन्द्रीय बैंकले बैंकहरूलाई रेगुलेटरी रिजर्भबाट अलिकति पैसा डिस्ट्रिब्युटेबलमा फिर्ता गर्न अनुमति दिएकाले बैंकहरूको विवरणमा सुधार आउन मद्दत पुगेको नेपाल बैंकर्स संघ अध्यक्ष सन्तोष कोइरालाले बताए । 'राष्ट्र बैंकले दिएको नीतिगत सहजताको इम्प्याक्ट ठूलो छ,' कोइरालाले भने, '२ करोडभन्दा मुनिका लागि स्ट्रक्चरिङ गर्न पाउने व्यवस्थाले कर्जा नोक्सानीमा कमी आयो, निर्माण क्षेत्रको भुक्तानी सरकारले असारमा भुक्तानी दियो, नन-बैंकिङ एसेट केही सेटलमेन्ट भयो, अलि-अलि एनपीएलमा भएका धितो सेटलमेन्ट भए, साथै अलिकति इकोनोमीले पनि सपोर्ट गरेकाले बैंकहरूको कार्यसम्पादनमा सुधार देखिएको हो ।'

त्यस्तै असल कर्जामा गर्नुपर्ने कर्जा नोक्सानी केन्द्रीय बैंकले घटाए पनि सहयोग भएको उनको बुझाइ छ । समग्रमा भन्दा नियामकीय रिल्याक्सेसनका कारण बैंकहरूको विवरणमा सुधार आएको उनले बताए । अहिलेको सुधार आगामी दिनमा पनि कायम नै रहने आशामा कोइराला छन् । आर्थिक गतिविधिमा सुधार देखिएको तथा कोरोनाको असर समेत कम हुँदै आएको अवस्थामा चालु आव लिइएको नीतिगत सहजता पुन: चलाउन आवश्यक नपर्ने उनको बुझाइ छ ।

बैंकहरू अहिलेको सुधार आगामी दिनमा पनि निरन्तर रहने आशामा छन् । तर, केन्द्रीय बैंकले भने घरजग्गा र सेयर कर्जा लिएको खुकुलो नीति अल्पकालीन भएकाले अहिलेको सुधारले आगामी वर्षसम्म निरन्तरता हुने सम्भावना न्यून छ । गत आव बैंकहरूले ७१ अर्ब ५१ करोड रुपैयाँ खुद नाफा गरेका छन् । उनीहरूको यो नाफा अघिल्लो आवको तुलनामा ४३.३९ प्रतिशतले बढेको हो । अघिल्लो आव खुद नाफा ४९ अर्ब ८७ करोडमात्र थियो ।

बैंकहरूको यो नाफा बढ्नुमा कर्जा नोक्सानी धेरै गर्न नपर्नु मुख्य कारण हो । गत आव बैंकहरूले कर्जा नोक्सानी व्यवस्था बापत २५ अर्ब ५१ करोडमात्र छुट्याएका छन् । यस्तो रकम अघिल्लो आवको तुलनामा ५३.०२ प्रतिशतले धेरै हो । अघिल्लो आवा बैंकहरूको कर्जा नोक्सानी व्यवस्था बापत रकम ५४ अर्ब ३४ करोड थियो ।

तर, गत आव बैंकहरूको आम्दानीको मूल्य स्रोतमा भने कमी आएको छ । बैंकहरूको ब्याज आम्दानी भने १ प्रतिशतले घटेको छ । गत आव बैंकहरूले १ खर्ब ९० अर्ब रुपैयाँ खुद ब्याज आम्दानी गरेका छन् । यो ब्याज आम्दानी अघिल्लो आवको तुलनामा १.०८ प्रतिशतले थोरै हो । अघिल्लो आव १ खर्ब ९२ अर्ब थियो । गत आव बैंकहरूले कर्जा नोक्सानी धेरै गर्न नपर्दा वितरणयोग्य नाफामा समेत सुधार आएको छ । गत आव असार सम्मको वितरणका लागि उपलब्ध वितरणयोग्य नाफामा पनि उच्च सुधार आएको छ ।

गत आव बैंकहरूको वितरणका लागि उपलब्ध वितरणयोग्य नाफा ४४ अर्ब ९४ करोड छ । यो नाफा अघिल्लो आवको तुलनामा करिब ४३ अर्बले धेरै हो । अघिल्लो आव बैंकहरूको वितरणका लागि उपलब्ध नाफा १ अर्ब ५६ करोड रुपैयाँमात्र थियो ।

*(स्रोत: अनलाइनखबर)*

# विद्यालय नर्स भएका विद्यालयमा बालबालिकाको प्रोफाइल तयार गरिने

साझाकुरा संवाददाता

हेटौँडा, ३१ साउन/ बागमती प्रदेश सरकारले विद्यालय जाने उमेरका बालबालिकाको हेल्थ प्रोफाइल बनाउने भएको छ ।

विद्यालय नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण गरी प्रोफाइल तयार पारिने स्वास्थ्य मन्त्रालयले जनाएको छ । विद्यालय नर्सले प्रत्येक बालबालिकाको स्वास्थ्य परीक्षण गरी प्रोफाइल तयार पारेर मन्त्रालयले तोकेको सफ्टवेयरमा अपलोड गर्नुपर्ने बागमती प्रदेशको ‘एक विद्यालय एक नर्स कार्यविधि’ दोस्रो संशोधनमा उल्लेख गरिएको छ । कार्यविधि संशोधनसँगै विद्यालय नर्सकारुपमा कार्यरत नर्सले विद्यालयको वार्षिक क्यालेन्डरअनुसार बिदा पाउने छैनन् । विद्यालय बिदाको समयमा उनीहरुले स्वास्थ्य कार्यालय वा स्थानीय तहमा गएर काम गर्नुपर्ने व्यवस्था गरिएको छ ।




विद्यालय नर्स छनोट प्रक्रियामा पनि संशोधन गरिएको छ । लिखित परीक्षाको अंकभार ५० बाट बढाएर ६० पुर्‍याइएको छ भने अन्य पक्षको मूल्यांकन अंक ३० बाट घटाएर २० मा झारिएको छ । दफा १८ को उपदफा २ मा संशोधन गर्दै विद्यालय नर्स परीक्षाका लागि प्रश्नपत्र निर्माण मन्त्रालयले नभई छनोट तथा सिफारिस समितिले बनाउने उल्लेख छ । स्वास्थ्य निर्देशनालयका निर्देशकको संयोजकत्वमा ६ सदस्यीय समिति रहने व्यवस्था गरिएको छ । छनोट वा सिफारिस समितिले आवश्यकता अनुसार सदस्यको संयोजकत्वमा उपसमिति बनाई छनोट वा सिफारिसको कार्य गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

यसअघि उत्तरपुस्तिका जाँच सफ्टवेयर मार्फत् गरिँदै आएकोमा अब सफ्टवेयर वा प्रदेश लोकसेवा आयोगले अपनाउने विधिबाट हुने भएको छ । ‘एक विद्यालय एक नर्स सञ्चालन कार्यविधि २०७८’ को दफा ९, मूल कार्यविधिको दफा १०, १२, १३, १८, १९, २०, २१, २२, २३, २७, २८, ४० र ४१ मा संशोधन गरिएको छ भने दफा ४४ मा उपदफा थप गरिएको छ । त्यस्तै, मूल कार्यविधिको अनुसूची ३ संशोधन गरिएको छ । ‘एक विद्यालय एक नर्स सञ्चालन कार्यविधि, दोस्रो संशोधन, २०८०’ ले ऐनमा उल्लेखित केही प्रावधानहरुमा संशोधन गरेको हो ।

आर्थिक वर्ष २०७५/७६ मा २० वटा सामुदायिक विद्यालयबाट सुरु भएको यो कार्यक्रम हाल प्रदेशका ८ सय ४८ सामुदायिक विद्यालयमा विस्तार भएको छ । बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार, प्रदेशमा रहेका कुल १५ सय ८८ माध्यमिक विद्यालयमध्ये ५३ प्रतिशतमा यो कार्यक्रम सञ्चालनमा छ ।

# सीमखोलामा ६० मीटरको बेलिब्रिज जडानकार्य सकियो



साझाकुरा संवाददाता

हेटौँडा, ३१ साउन/गत असोज ११ र १२ गतेको बाढी पहिरोले क्षतिग्रस्त बनेको कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सीमखोलामा ६० मीटर लम्बाईको बेलिब्रिज जडानकार्य सकिएको छ ।

भारी वर्षासँगै कुलेखानीको जलासय भरिएपछि ‘ओभर फ्लो’ रोक्न गेट खोल्दा ईन्द्रसरोवर गाउँपालिका-२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सीमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो । बेलीब्रीजका दुबैतर्फ क्षतिग्रस्त सडक मर्मत भइसकेको छ । बेलीब्रीजमा सवारीसाधन चिप्लन सक्ने खतरालाई रोक्न पुलका विभिन्न भागमा रड राख्ने र नट कस्ने कार्य भइरहेको छ ।

अबको केही दिनमै बेलीब्रीज सञ्चालनमा ल्याउने यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख नवीन सिंहले बताए । सीमखोलामा बेलिब्रिज राख्न भैंसे-भीमफेदी सडकखण्डको घट्टेखोलामा रहेको १३ मिटर र मान्डुखोलामा रहेको ५० मिटर लामो २ वटा बेलिब्रिज झिकिएको थियो । प्रदेश सरकारलाई ब्ययभार कम गर्ने रणनीतिका साथ पक्कीपुल निर्माणपछि बेकामे बनेको दुईवटा पुललाई उपयोग गरिएको निर्वतमान भौतिक पूर्वाधार विकासमन्त्री अमन मास्केले बताए ।

बेलिब्रिज राख्न, पक्की पहुँच मार्ग बनाउन र पुल वरिपरिको क्षतिग्रस्त सडक निर्माण गर्न गौरव इन्जिनियर्स प्रालिले एक करोड ८८ लाख रुपैयाँमा ठेक्का लिएको थियो । पुल नबन्दा खोलाबाट डाइभर्सन प्रयोग गरिएको थियो । सीमखोलामा पुल बनेसँगै अहिलेको वर्षामा पनि यो सडक सञ्चालनमा सहजता हुने देखिएको बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।

# गौतमबुद्ध विमानस्थलमा ५ महिनादेखि अन्तर्राष्ट्रिय उडान ठप्प हुँदा व्यवसायी निराश

बुटवल/भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पाँच महिनादेखि अन्तर्राष्ट्रिय उडान विहीन बनेको छ । अर्बौं लगानी भएको विमानस्थलबाट लामो समयसम्म अन्तर्राष्ट्रिय उडान नहुँदा होटेल तथा पर्यटन व्यवसायी संगै स्थानीय बासिन्दामा निराशा छाएको छ ।

गत अप्रिलदेखि कुनै पनि अन्तर्राष्ट्रिय उडान नभएको विमानस्थलले जनाएको छ । सन् २०२५ को जनवरीदेखि मार्चसम्म ३ महिनामा भने अन्तर्राष्ट्रिय उडान सन्तोषजन भएको थियो । उक्त अवधिमा २९९ अन्तर्राष्ट्रिय उडान भएका थिए । त्यो अवधिमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भइरहेकाले नेपाल एअरलाइन्स, जजिरा, फ्लाई दुबई र थाई एअर एसियाले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गरेका थिए । उक्त ३ महिनामा मात्रै १५ हजार १४८ यात्रुले विमानस्थल प्रयोग गरेका थिए । जाडो मौसममा भिजिबिलिटीको समस्या देखाउँदै विदेशी एअर लाइन्सहरुले उडान स्थगित गरेका थिए । पछि नेपाल नागरिक उड्डयन प्राधिकरणले आरएनपीएआर प्रविधि लागु गरेपछि करिब एक महिना अन्तर्राष्ट्रिय उडान पुन: सुरु भएपनि त्रिभुवन विमानस्थल मर्मत सकिएपछि चैत १६ देखि भैरहवाबाट पुन: उडान बन्द भएको हो । उद्घाटन भएको तीन वर्ष पूरा भइसक्दा पनि विमानस्थलबाट अन्तराष्ट्रिय उडान नियमित र पर्याप्त नभएपछि व्यवसायीहरू पटक-पटक आन्दोलन गरिरहेका छन् । तर पनि विमानस्थल सञ्चालन नहुँदा उनीहरुमा निराशा छाएको छ ।

टुर एण्ड ट्राभल व्यवसायी चन्द्र थापाले काठमाडौंका ठूला व्यवसायीको प्रभाव र दवावमा परेर सरकारले नै विमानस्थल चलाउन चासो नदिएको गुनासो गरे । ‘काठमाडौंका ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय टिकटमा गर्ने कार्टेलिङ, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय र स्थानीय एजेन्टलाई पोर्टल नखोल्नुको कारण अन्तर्राष्ट्रिय उडान भएन’-उनले भने-‘दुई तिहाईको बलियो सरकारले सरकारी स्वामित्वको नेपाल एअरलाइन्स वा हिमालय एअरलाइन्सको एउटा विमान नियमित उडान गर्न नसक्नु लाजमर्दो विषय हो, यसले नै सर कारले यो विमानस्थल चलाउन नचाहेको पुष्टी हुन्छ ।’

थापाले बौद्धमार्गी पर्यटक भित्राउन थाई एअर एशियालाई भैर हवाबाट नियमित उडानको व्यवस्था सरकारले गर्नुपर्ने बताउंछन् । थाई एअरको भैरहवा-बोधगया-सारनाथ-कुशिनगर टुर प्याकेज बनाएर निरन्तरता दिने हो भने विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको कमी नहुने थापाको सुझाव छ । अर्का व्यवसायी सञ्जय वजिमयले अन्तर्राष्ट्रिय उडानका लागि सबै विदेशी एयर लाइन्सको टिकट काउन्टर विमानस्थलमै हुनुपर्ने, अनलाइन ई-भिसा र अन्तर्राष्ट्रिय डिजिटल पेमेन्ट प्रणाली लागु गर्नुपर्ने, भिसा सेन्टर र साउदी अरबका लागि गाम्का मेडिकल स्थापना हुनुपर्ने र बुद्धमार्गी देशहरूबाट सिधा उडानको व्यवस्था गर्नुपर्ने बताए ।

नियमित अन्तर्राष्ट्रिय उडान नहुँदा ठूला होटेल र पर्यटन क्षेत्रमा भएको करिब एक खर्ब रुपैयाँ लगानी जोखिममा परेको व्यवसायीहरूको दाबी छ । व्यवसायीहरुले ऋणको किस्ता तिर्न नसक्दा निद्रा हराएको गुनासो गरेका छन् । सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि म्यानपावर तथा स्वास्थ्य परीक्षण कार्यालयको अभावले एअरलाइन्स कम्पनीलाई यात्रु नपाएको बहाना दिने बाटो खुलेको बताए ।

२०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेको यो विमानस्थलमा अहिले पनि दर्जनौं सरकारी कार्यालय, सुरक्षा निकाय र आवश्यक पूर्वाधार पूर्ण रूपमा सक्रिय छन् । भन्सार, अध्यागमन, स्वास्थ्य डेस्क, इन्धन डिपो, पार्किङ सुविधा सबै तयारी अवस्थामा छन् । १४१ मध्ये ८७ कर्मचारी स्थायी, २४ सेवा प्रदायक, ६० दैनिक ज्यालादारी, ७० सैनिक र १८५ प्रहरी तैनाथ छन् । तर, सेवा प्रदायकको गतिविधि उडानविहीन विमानस्थलमा सीमित प्रशासनिक काममै खुम्चिएको छ ।

विमानस्थल नचलेपसछ पूर्ण क्षमतामा सञ्चालनका लागि संघर्ष समिति गठन भएको छ । सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले निजी क्षेत्रको ठूलो लगानी डुब्ने लागेको अवस्थामा विमानस्थल सञ्चालनका लागि दबाव दिन आन्दोलन र छलफल दुबै संगसंगै अघि बढाइएको बताए । बुद्ध जन्मस्थल लुम्बिनी २५ मिनेटमै पुगिने यो विमानस्थललाई धार्मिक पर्यटनको प्रवेशद्वार मानिएको थियो । तर, विदेशी पर्यटकको आगमन शून्य भएपछि धेरै होटलहरू घाटामा गएका छन् । कतिपय होटेलहरु ऋण तिर्न नसकेर विक्रि भइसकेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नख्खु कारागारको ४०० कैदीबन्दी भएको ब्लकमा रहनेछन् रवि



काठमाडौं/भैरहवा कारागारबाट अड्डासार गरेर केहीबेर अघि ललितपुरको नख्खु कारागारस्थित ‘सीआरसी’ ब्लकमा राखिएको छ । विगतमा यही ब्लकमा रौतहट विस्फोटका आरोपी अफताब आलमलाई पनि राखिएको थियो । उनी उच्च अदालतले सफाइ दिएपछि थुनाबाहिर छन् ।

कारागार स्रोतका अनुसार, रविलाई राखिएको ब्लकमा करिब ४ सय कैदीबन्दी राखिएको छ । रविलाई त्यो ब्लकको एउटा छुट्टै कोठामा राख्ने तयारी कारागारको आन्तरिक प्रशासनले गरेको छ ।

आन्तरिक प्रशासन कारागारको कैदीबन्दीले नै चलाउने गर्छन् । नख्खु कारागारका एक अधिकारीले भने, ‘अरु कैदीबन्दीलाई झैं उहाँले पनि सुविधा पाउनुहुन्छ । संरचनाका हिसाबले पनि भैरहवा भन्दा यहाँ सहज र सुरक्षित छ ।’

लामिछानेले गत जेठ १४ गते रुपन्देही जिल्ला अदालतमा कारागार सरुवाका लागि निवेदन दिएका थिए । अदालतले जेठ १६ गते अनुमति दिएको थियो । तर, उनको अड्डासार भने हुन सकेको थिए । पछि फेरि गृह प्रशासनले उनलाई नख्खु कारागार सरुवा गर्ने निर्णय गरेको थियो ।

त्यसपछि आजै उनलाई भैरहवाबाट काठमाडौं ल्याइएको थियो । ललितपुरको नख्खु कारागारमा उनलाई पुर्‍याउँदा समर्थकको भीड लागेको थियो ।

# महिला पत्रकार प्रजनन स्वास्थ्य तथा सुरक्षित सुत्केरी प्रवर्द्धन कोष स्थापना गने

## — औपचारिक शुभारम्भ भदौ २ गते हुने —




साझाकुरा संवाददाता

हेटौंडा, ३१ साउन/ नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले महिला पत्रकारको प्रजनन स्वास्थ्यउपचार र सुरक्षित सुत्केरी प्रवर्द्धनका लागि कोष स्थापना गर्ने निर्णय गरेको छ ।

शनिबार बसेको आकस्मिक बैठकले ‘महिला पत्रकार प्रजनन स्वास्थ्य तथा सुरक्षित सुत्केरी प्रवर्द्धन कोष’ स्थापना गर्ने निर्णय गरेको महासंघका सचिव एवम् सूचनाअधिकारी केशव समर्पण सुवेदीले जानकारी दिए । उनका अनुसार कोषमार्फत् महिला पत्रकारको प्रजनन स्वास्थ्य उपचारमा सहयोग पुर्‍याउने र सुरक्षित सुत्केरीका लागि प्रोत्साहन रकम उपलब्ध गराइनेछ । कोषको औपचारिक शुभारम्भ भदौ २ गते हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा हुने भएको छ ।

कार्यविधि निर्माण गरेर कोषलाई व्यवस्थित र पारदर्शी ढंगले सञ्चालन गरिने अध्यक्ष बालकृष्ण अधिकारीले बताए । यसका लागि उपाध्यक्ष भावना रिजालको संयोजकत्वमा तीन सदस्यीय मस्यौदा लेखन समिति गठन गरिएको छ । समिति सदस्यमा सचिव सुवेदी र कार्यसमिति सदस्य सानुमाया गुरुङ ‘निशा’ रहेका छन् ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००१६९० | पुर्ण माया लामा | थाहा-०६, मकवानपुर |

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

नेपाल सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
बागमती प्रदेश

**ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि.को प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०८२ भदौ १ गते)*

बागमती प्रदेश मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि<br>हेटौंडा उ.म.न.पा-११, मकवानपुर, बागमती प्रदेश, नेपाल<br>फोन नं:०५७-५९०५६५ इमेल: omkarsoap@gmail.com |
| प्रस्तावको व्यहोरा | डिटरजेन्ट पाउडर, साबुन, टेलकम पाउडर, कपालमा लगाउने तेल, स्याम्पु तथा अन्य सौन्दर्य सामाग्रीहरु उत्पादन तथा प्याकेजिंग गर्ने उद्योग स्थापना गर्ने |
| प्रभाव पर्नसक्ने जिल्ला/ न.पा./गा.पा. (हरु) | बागमती प्रदेश, मकवानपुर जिल्ला<br>हेटौंडा उप-महानगरपालिका वडा नं. ११ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका (हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र निम्न ठेगानामा आइपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

| प्रस्तावकको नाम र ठेगाना: | परामर्शदाताको नाम र ठेगाना: |
|---|---|
| ओमकार सोप एंड केमिकल्स इण्डष्ट्रिज प्रा.लि.<br>नवलपुर, वडा नं. ११, हेटौंडा उ.म.न.पा.,<br>बागमती प्रदेश, नेपाल<br>फोन नं. ०५७-५९०५६५<br>इमेल : omkarsoap@gmail.com | इकोसोधना एनालिटिक एंड इन्भारोमेन्टल सोलुसन्स प्रा.लि.<br>नयाँबस्ती, वडा नं. ०६,<br>गोकर्णेश्वर न.पा, काठमाडौँ<br>फोन नं.: +९७७-९७६८४३८९७९<br>इमेल: ecosodhanasolutions@gmail.com |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौँडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना